मेरो प्रशंसा गर्नमा बढाइचढाइ नगर, जसरी ईसाईहरूले मरियमको छोराको प्रशंसामा बढाइचढाइ गरेका थिए; म केवल अल्लाहको दास हुँ । त्यसैले मलाई अल्लाहको दास र उहाँको रसूल (दूत) भन ।

उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "मेरो प्रशंसा गर्नमा बढाइचढाइ
नगर, जसरी ईसाईहरूले मरियमको छोराको प्रशंसामा बढाइचढाइ गरेका थिए; म केवल अल्लाहको दास हुँ । त्यसैले मलाई अल्लाहको दास र उहाँको रसूल (दूत) भन ।" [सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो प्रशंसामा शरियतले तोकिएको सीमाभन्दा बाहिर गएर बढाइचढाइ गर्ने, अल्लाहका लागि प्रमाणित विशेषताहरू उहाँको लागि प्रमाणित गर्ने, वा उहाँ गैब (अदृश्य) का कुराहरू जान्नुहुन्छ भनेर दाबी गर्ने र अल्लाह जस्तै उहाँसंग प्रार्थना गर्ने इत्यादि निषेध गर्नुभएको छ । जसरी ईसाईहरूले ईसा पुत्र मरियम (उहाँ माथि शान्ति होस्) सँग गरे। त्यसपछि उहाँले भन्नुभयो, म अल्लाहको दासहरू मध्ये एक दास हुँ । त्यसैले उहाँले हामीलाई आदेश दिनुभयो कि हामी उहाँलाई अल्लाहको भक्त र उहाँको रसूल भनौँ ।

https://sunnah.global/hadeeth/ne/show/3406